FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

This question paper consists of 32 questions and 8 printed pages.

Roll No. | | | | | | | | | | | | |

Code No. 46/S/A/N

# NEPALI
# (नेपाली)
# (231)

Day and Date of Examination ______________________

Signature of Invigilators 1. ______________________

2. ______________________

सामान्य अनुदेश :

1 परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न–पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ ।

2 प्रश्न–पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न–पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न–पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस ।प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ ।

3 वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर–पुस्तिकामा चिह्नित गर्नोस् ।

4 वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय–सीमा निश्चित छैन ।

5 उत्तर–पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान बाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ ।

6 उत्तर–पुस्तिकामा आफ्नो प्रश्न–पत्रको कोड नं. 46/S/A/N लेख्नुहोस् ।



www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

# NEPALI
## (नेपाली)
## (231)

समय : 3 घण्टा पूर्णाङ्क : 100

निर्देश :

1 सबै प्रश्नको उत्तर अनिवार्य छ ।

2 सबै प्रश्नहरू ध्यानपूर्वक पढ्नुहोस् अनि उत्तर दिनुहोस् ।

3 प्रश्न सङ्ख्या 1 देखि 12 सम्मका चार विकल्पहरूमध्ये सर्वाधिक उपयुक्त उत्तर आफ्नो उत्तर–पुस्तिकामा लेख्नुहोस् ।

firstranker.com

1 'नैतिक दृष्टान्त' कवितामा 'छोटा बढ़ेको तुलना कविले के सँग गरेका छन् ? 1

(A) फूलसित (B) सूर्य सित

(C) खहरेसित (D) पहाड़सित

2 कल्पना आनन्दको के हो ? 1

(A) प्राण (B) जीवन

(C) आत्मा (D) स्रोत

3 'कलमवीर' कवितामा नवयुवक–युवतीलाई भनिएको छ 1

(A) स्वप्नद्रष्टा (B) महर्षि

(C) मार्गदर्शक (D) समाजका किरण



www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

4 भानुभक्तले आरंभ गरेको रामनामको काव्यलाई अझ अधि बढाउने कवि को थिए? 1

(A) रघुनाथ (B) बसन्त

(C) मोतीराम (D) यदुनाथ

5 'उत्तरतिर कंस करायो' मा कुन अलङ्कार पाइन्छ ? 1

(A) उपमा (B) अनुप्रास

(C) श्लेष (D) वक्रोक्ति

6 कवि कश्यप अनुसार संसारमा सबैभन्दा ठूला तपस्वी को हुन ? 1

(A) पिता (B) माता

(C) गुरु (D) ईश्वर

7 लामो कुरालाई छोटो वा कम्ती बनाएर लेख्नुलाई भनिन्छ 1

(A) भाव विस्तार (B) निबन्ध

(C) सारांश (D) अनुच्छेद

8 'नासो' कथामा कसलाई 'दुलही' भनिएको छ? 1

(A) सुभद्रा (B) नौली

(C) लक्ष्मी (D) माया

9 'भुँडी' निबन्ध कस्तो किसिमको निबन्ध हो ? 1

(A) उपदेशात्मक (B) व्यङ्ग्यात्मक

(C) भावात्मक (D) सौन्दर्यात्मक



www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

10 पर्वतारोहीहरू पर्वत चढ्दा शिशिमा के लिएर जान्छन्? 1

(A) खाना (B) पानी

(C) अक्सिजन (D) दूध

11 'जीवन र साहित्य' लेख अनुसार जीवन के–ले बनिएको छ? 1

(A) अनुभवको प्रचुरताले (B) अभावहरूले

(C) छटपटीहरूले (D) हाड र मासुले

12 एउटा अपरिचित मान्छेलाई 'सिपाही' भन्न सजिलै सकिन्छ, उसको : 1

(A) हेराईले (B) हिँडाइले

(C) हँसाईले (D) फौजी पोशाकले

13 निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

मलाई ती शब्दहरु मीठा लाग्दछन् जो मानवजीवनको उन्नतिशील भावनामा विकाशक्रमहरुसँग सम्बन्धित भएर मानव आदर्श र आकांक्षाका अन्तर्ध्वनिहरू अनुवादन गर्दै मलाई आँसु र उत्तेजनाकानिर पुऱ्याउँछन्। सौन्दर्य–चेतनसँग जीवन–विकास सम्बन्धित भए झैं सङ्गीत र सभ्यताका युगहरू घनिष्ठ तवरले बाँधिएका हुन्छन्। सच्चा गाना जीवनपोषक हुने हुनाले बिमारीहरू पनि निको हुन्छन् भन्ने कुरा प्रचलित छँदैछ। खर्खराहट, कर्कराहट टन्न टिन्न तारस्वारहरू, विवाद, सङ्गीतहीनता, जथाभावी दुगुर–पुगुरहरुमा जीवनका नशाहरुमा संघर्षण, च्याँठ, अप्रसन्नतासिवाय केही नहुने हुनाले कोही गवैयाहरु अरुले गाउँदा रिसाउँछन् र बाजासमेत लात मारेर फोर्ने गर्दछन्। यी कुरा जीवनसंरक्षक तत्त्वका आदती भावहरुमा निर्धारित रहेजस्तो मालुम हुन्छ। सङ्गीतद्वारा परमेश्वर पाइन्छ भन्ने हाम्रो साधारण भनाइ छ, किनकि त्यहाँ सौन्दर्यचेतको विकाश छ। तत्वहरु जीवनलाई शाम्य, सङ्गति, आकार, लय र शब्दहरुमा आधारित गरेर जीवनको मूल आधारको चेतनिर पुऱ्याइहेछन्।



www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

(i) सङ्गीतद्वारा पाउन सकिन्छ 1

(A) जीवन (B) धन–सम्पति

(C) परमेश्वर (D) चेतना

(ii) 'मालुम' कुन् भाषाको मूलशब्द हो ? 1

(A) संस्कृत

(B) उर्दू

(C) बांग्ला

(D) अरबी

(iii) लेखकलाई कस्तो प्रकारका शब्दहरू प्रिय लाग्दछन् र किन ? 3

(iv) सच्चा गानाको विशेषता के हो ? 2

(v) 'कर्कराहट' र 'खर्खराहट' का क्रियारूप लेखा 2

(vi) सौन्दर्यचेतको विकाश कहाँ छ र कसरी ? 2

(vii) अनुच्छेदमा गायन कलाकारलाई कुन् शब्द प्रयुक्त भएको छ ? 1

(viii) उपर्युक्त अनुच्छेदमा लेखकले कुन् कुरो बताएका छन् ? 2

14 निम्नलिखित पद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् : 1

'भोक मीठो, रसिलो छ प्यास
छ अन्तमा व्यञ्जनको सुवास
छ थोर आवश्यकता पुगे पनि
म बस्छु संसार नयाँ नयाँ रची॥
जगत मेरो घरवार सुन्दर
आकाश नीलो छ तले मनोहर
छन् रत्न तारा उसमा भरीभर
छन् चन्द्रमा दीप तथा प्रभाकर॥

(i) पद्यांशमा 'म' के हो ? 1

(A) धनी मानिस (B) गरीब मानिस

(C) संसारको मानिस (D) पारिवारिक व्यक्ति



www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

(ii) 'प्रभाकर' भनेको के हो ? 1

(A) दीप (B) प्रकाश

(C) सूर्य (D) चन्द्रमा

(iii) ''छ भोक मीठो'' को आशय स्पष्ट गर्नुहोस्। 2

(iv) कविले कसलाई र किन आफ्नै परिवार सम्झन्छन् ? 2

15 तेन्जिङ शेर्पाले सगरमाथा चढेका समयमा संसारमा कुन् दुइवटा प्रमुख संस्थाहरू थिए ? 1

16 पद्माको स्वभाव कस्तो थियो ? 1

17 ''फोस्रो, बोक्रे, कोर्न्ते कविको कविता काँचो हुन्छ।'' यो कुन् कविताको पङ्क्ति हो ? 1

18 ''लाञ्छित भइकन बाँच्नुभन्दा लाखन गुनले मृत्यु छ निको।'' कुन कविताको पङ्क्ति हो ? 1

19 पूर्ण विरामको प्रयोग कहाँ हुन्छ ? 1

20 (क) निम्नलिखित कुनै दुइ शब्दहरुको सन्धि–विच्छेद गर्नुहोस् : 2

सप्तर्षि, संघर्ष, सरोज

(ख) निम्नलिखित कुनै दुइ शब्दका एक–एक पर्यायवाची शब्द लेख्नुहोस् : 2

वन, आँखा, सागर

(ग) निम्नलिखित कुनै दुइ शब्दका विपरीतार्थक शब्द लेख्नुहोस् : 2

अग्र, अनिवार्य, हेय



www.FirstRanker.com

21 निम्नलिखित कुनै दुइ वाग्धारालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : 4

अकासका चरा खसाउनु, इतिश्री हुनु, चित्त बुझ्नु

22 सारांश लेखनको प्रथम चरण के हो ? 2

23 शब्द अनि प्रत्यय छुट्ट्याएर लेख्नुहोस्: (कुनै चारवटाको) 4

घरेलु, भौगोलिक, लम्बाइ, पौड्याल, भनाइ, कविता

24 समासको परिभाषा देऊ अनि कर्मधारय समासको एउटा उदाहरण प्रस्तुत गर्नुहोस्। 2

25 अल्पविराम (,), अर्धविराम (;), सापेक्ष विराम (:), पूर्ण विराम (।), प्रश्न चिह्न (?) का प्रयोग गर्दा वाक्य गठन गर्नुहोस्॥ 5

26 एउटा गाउँमा 400 मानिस रहने गर्छन्। यसमध्ये 200 जना मानिसहरू नौकरी गर्छन्, 100 जना आफ्नै व्यवसाय गर्छन्, 50 जना साना साना पसल चलाउछन् अनि रहल दैनिक खेताला छन्। यस विभाजनलाई पाई चार्टमा प्रदर्शित गर्नुहोस्। 5

27 माध्यमिक परीक्षामा सर्वोच्च अङ्क ल्याएर उत्तीर्ण हुँदा मनमा उठेका भावहरू वर्णन गर्दै एक अनुच्छेद लेख्नुहोस् । 5

28 गाउँमा बिजुली नहुँदा कस्ता–कस्ता समस्याहरूको सामना गर्न पर्छ, सम्झाएर लेख्नुहोस। 5



www.FirstRanker.com

FirstRanker.com
Firstranker's choice
www.FirstRanker.com www.FirstRanker.com

29 10-12 पङक्ति भित्र कुनै एउटाओ भाव–विस्तार गर्नुहोस् : 5

(क) मानव सेवा नै माधव सेवा हो

(ख) साहित्य समाजको दर्पण हो।

30 'उत्तरतिर कंस करायो' कवितामा पाइने किसिम किसिमका भावहरु लेख्नुहोस्। 5

31 'सिपाही' कथाओ भाषा–शैली बारे लेख्नुहोस्। 5

32 निम्नलिखित कुनै एक विषयमाथि लगभग 200 शब्दभित्र निबन्ध लेख्नुहोस् : 10

(क) राष्ट्रीय एकता

(ख) सांस्कृतिक प्रदुषण र भारत

(ग) यदि म राष्ट्रपति भए

(घ) हाम्रो वन्य–सम्पत्ति।

firstranker.com



www.FirstRanker.com